# लुम्बिनी विकास बैंक लि.

॥

॥

॥

## पन्ध्रौं वार्षिक साधारण सभाको

॥

॥

॥

## निर्णय विवरण (माइन्यूट)

॥

॥

॥

## २०७९ पौष २६ गते

Lumbini Bikas Bank Limited Head Office

# लुम्बिनी विकास बैंक लि.

## पन्धौं वार्षिक साधारण सभाको

## निर्णय विवरण (माइन्यूट)

१. प्रारम्भिक :

यस लुम्बिनी विकास बैंक लि. को मिति २०७९ पौष ४ गते बसेको सञ्चालक समितिको ४३६ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको पन्धौं बार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री प्रविण कृष्ण श्रेष्ठज्यूले पानसमा दीप प्रज्वलन गरि समुद्घाटन गर्नुभयो । उक्त सभा सम्बन्धी विस्तृत विवरणहरु तपसिल बमोजिम रहेका छन् ।

वार्षिक साधारण सभा सम्पन्न भएको

मिति : २०७९ पौष २६ गते, मंगलवार ( सन् १० जनवरी २०२३ )

स्थान : अमृतभोग, कालिकास्थान, काठमाण्डौ

समय : बिहान ११:०० बजे देखि

२. उपस्थिति :

(क) सञ्चालकहरु :

१. श्री प्रविण कृष्ण श्रेष्ठ - अध्यक्ष (सर्वसाधारण शेयरधनीको तर्फबाट)
२. श्री चिन्तामणी भट्टराई - सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट)
३. श्री केशब खतिवडा - सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट)
४. श्री लोमस मानन्धर - सञ्चालक ((संस्थापक शेयरधनीको तर्फबाट)
५. श्री प्रताप कुमार आचार्य - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
६. श्री रामचन्द्र सिग्देल - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
७. श्री अंजु कुमारी गुप्ता - सञ्चालक (स्वतन्त्र)

(ख) कर्मचारी पदाधिकारीहरु

१. श्री नरेश सिंह बोहरा - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री उमेश रेग्मी - नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री हरि कृष्ण सुवेदी - मुख्य प्रबन्धक
४. श्री दिपक खनाल - मुख्य प्रबन्धक
५. श्री नवराज भण्डारी - प्रमुख लेखा विभाग
६. श्री लक्ष्मण फुयाल - अधिकृत, कम्पनी सचिवको कार्यालय

(ग) उपस्थित शेयरधनीहरुको विवरण :

| विवरण | संस्थापक | | सर्वसाधारण | | कुल |
|---|---|---|---|---|---|
| | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | |
| शेयरधनी संख्या | ६० | ८० | ५९० | ३९३ | १,१२३ |
| शेयर संख्या | १,२९,४३,००२ | | ३६,९२,१९१ | | १,६६,३५,१९३ |

३. **सभाको बैधानिकता :**

**(क) सभाको बारेमा सार्वजनिक सूचना :**

यस विकास बैंकको पन्धौं वार्षिक साधारण सभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार सभाका सभापति श्री प्रविण कृष्ण श्रेष्ठज्यूको आज्ञाले श्री लक्ष्मण फुयालले उपस्थित शेयरधनीहरु समक्ष देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

१. लुम्बिनी विकास बैंकको पन्धौं वार्षिक साधारण सभाको सभा हुने मिति, स्थान, समय र छलफलका विषय बारेको पहिलो सूचना साधारण सभा हुनु भन्दा २१ दिन अगावै शेयरधनीहरुको जानकारीको लागि मिति २०७९ पौष ५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक तथा दोश्रो पटक मिति २०७९ पौष १२ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था वमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०७९ पौष २६ गते मंगलबार सम्पन्न पन्धौं वार्षिक साधारण सभामा स्वयं तथा प्रोक्सी मार्फत विकास बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५२% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी उपस्थिती जनाई सकेको हुँदा साधारण सभा बैधानिक भएको व्यहोरा श्री लक्ष्मण फुयालद्वारा साधारण सभामा जानकारी गराईएको थियो ।

**(ख) गणपुरक संख्या :**

विकास बैंकको शेयरधनी कायम भएका शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण देहाय वमोजिम रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| कुल संख्या | शेयरधनी | ३८३ | ५३,०९४ | ५३,४७७ |
| | शेयर | १,६७,५२,२३८.१२ | १,६०,९०,६८६.९९ | **३,२८,४२,९२५.११** |

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या (बैंकका शेयरधनीहरुको स्वयं तथा प्रतिनिधि मार्फत भएको उपस्थिती एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल उपस्थिति प्रतिशतमा |
|---|---|---|---|---|---|
| **शेयर** | **३,२८,४२,९२५.११** | ६०,६४,५९३ | १,०५,७०,६०० | १,६६,३५,१९३ | ५२.११% |
| **शेयरधनी** | ५३,४७७ | ६५० | ४७३ | १,१२३ | |

शेयरधनीहरुको उपस्थिति विवरणको जानकारी दिंदै प्रचलित कानून बमोजिम बोलाईएको पन्धौं वार्षिक साधारण सभामा बैंकको नियमावलीको प्रावधान र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) को

गणपुरक सम्बन्धी प्रावधान वमोजिम यस पन्ध्रौं वार्षिक साधारण सभामा पेश गरिएका प्रस्तावहरुमा निर्णय लिन समेत आवश्यक गणपुरक संख्या पुगेको हुँदा सभापतिज्यूले सभा शुभारम्भ गर्नुभयो ।

## ४. सभाको सभापतित्व :

वार्षिक साधारण सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री प्रविण कृष्ण श्रेष्ठज्यूले पन्ध्रौं वार्षिक साधारण सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात उपस्थित/सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै छलफलका लागि तय गरिएका विषयहरु अनुसार साधारण सभाको कार्यक्रम अगाडि बढाउनु भयो ।

## ५. छलफलका लागि प्रस्तावहरुको प्रस्तुति :

पन्ध्रौं वार्षिक साधारण सभाका सभापति एवं लुम्बिनी विकास बैंक सञ्चालक समितिका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन लगायत अन्य सामान्य तथा बिशेष प्रस्तावहरु समेत साधारण सभामा पेश गर्नुभयो । आ.व. २०७८/७९ मा विकास बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको उल्लेख गर्दै विकास बैंकको भावी रणनीति बारे सभामा जानकारी गराउनुभयो । साथै, विकास बैंकको प्रगतिको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने नियामक निकायहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, ग्राहकवर्ग, बैंक व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरुलाई स्वागत गर्नुभयो ।

तत्पश्चात अध्यक्षज्यूको आज्ञाले श्री लक्ष्मण फुयालले साधारण सभाबाट पारित गर्नुपर्ने प्रस्तावहरु सभा समक्ष निम्न अनुसार बुँदागत रुपमा पेश गर्नुभयो ।

**छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा तत् सम्बन्धि अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ वमोजिम आ.व.२०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने । वर्तमान लेखापरीक्षक के.ए.एस. एसोसिएटस, चार्टड एकाउन्टेण्टस पुन : नियुक्तीको लागि योग्य हुनुहुन्छ ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७८/७९ को मुनाफा तथा सञ्चित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ९% ले हुन आउने नगद लाभांश रु २९,५५,८६,३२५।९९ (अक्षरेपी उनान्तीस करोड पचपन्न लाख छयासी हजार तीन सय पच्चीस रुपैंया र पैसा उनान्सय मात्र) बोनश शेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत गरी नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

५) संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ३ जना तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचन गर्ने ।

६) कम्पनी ऐन २०६३ बमोजिम संस्थापक समुहको रिक्त स्थानमा बाँकी कार्यकालको लागि नयाँ सञ्चालक श्री लोमस मानन्धरको नियुक्ति अनुमोदन सम्बन्धमा ।



Lumbini Bikas Bank Limited
Head Office

**ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७८/७९ को मुनाफा तथा सञ्चित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ३% ले हुन आउने रकम रु ९,८५,२८,७७५।३३ (अक्षरेपी नौ करोड पचासी लाख अट्ठाइस हजार सात सय पचहत्तर रुपैंया र पैसा तेत्तीस मात्र ) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु ३,२८,४२,९२,५१०।९९ (अक्षरेपी तीन अर्ब अट्ठाईस करोड वयालीस लाख वयान्नव्वे हजार पाँच सय दश रुपैंया र पैसा उनान्सय मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,३८,२८,२१,२८६।३२ (अक्षरेपी तीन अर्ब अड्तीस करोड अट्ठाइस लाख एक्काईस हजार दुई सय छयासी रुपैंया र पैसा वत्तीस मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

३) वोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

४) सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धमा नियमावलीको नियम २९ (१) (ख), नियम २९ (१) (ग), नियम २९ (१) (ग) (इ) र नियम २९ (१) (घ) मा आवश्यक संसोधन गर्ने र नियम २९ (१) (ङ) थप गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

५) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्वन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध:**

विविध अर्न्तगत कुनै प्रस्ताव नरहेको ।

## ६. छलफलको लागि आहृवान :

तत् पश्चात पन्ध्रौं वार्षिक साधारण सभामा छलफलको लागि तय गरिएका निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए बमोजिम प्रस्तावहरु उपर छलफलका लागि आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई छलफलमा सहभागी हुन अध्यक्षज्यूबाट अनुरोध भयो ।

## ७. छलफलमा सहभागी हुने शेयरधनीहरु :

साधारण सभामा प्रस्तुत विषय उपर छलफलका लागि अध्यक्षज्यूबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो ।

१. श्री भक्ति प्रसाद उप्रेती

२. श्री महेन्द्र वहादुर श्रेष्ठ

३. श्री रोज कुमार श्रेष्ठ

४. श्री व्यास कुमार शर्मा

५. श्री दामोदर रेग्मी

६. श्री शत्रुघन श्रेष्ठ

७. श्री ब्रम्हदेव शाक्य

८. श्री सुदिप श्रेष्ठ

९. श्री उद्धव प्रसाद घिमिरे

१०. श्री लवराज जोशी

११. श्री चन्द्र नारायण श्रेष्ठ (लिखित मन्तव्य)

## ८. छलफलमा सहभागी शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका मन्तव्य, जिज्ञासा तथा सुझावहरुको संक्षिप्त विवरण :

१५औं वार्षिक साधारण सभामा बोल्ने अधिकांश वक्ताहरूले कोभिड १९ एवं तत् पश्चात लगतै भएको रूस-यूक्रेन युद्धको प्रभावले विश्व अर्थतन्त्रमा आएको मन्दीको कारण हाम्रो देशको समग्र अर्थतन्त्रमा शिथिलता आएको अवस्थामा समेत लुम्बिनी विकास बैंकको सुचकाङ्कहरूमा सकारात्मक परिवर्तन आएको, समयमै साधारणसभा गरेको तथा यस परिवेशमा समेत १२% लाभांश उपलब्ध गराएकोमा बैंक संचालक समिति लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिदै प्रशन्नता व्यक्त गर्नुभयो । साथै मन्तव्यको क्रममा छलफलमा सहभागी शेयरधनी महानुभावहरुले बैंकलाई अझै सवल बनाउन केही साना वित्तीय संस्थालाई प्राप्ती गर्नुपर्ने, ग्राहक संख्यालाई बृद्धि गर्नुपर्ने, मुख्य व्यवसायिक क्षेत्रहरूमा शाखा संजाल विस्तार गर्नुपर्ने, लेखापरीक्षण प्रतिवेदन असोज मसान्त सम्ममा प्राप्त गरी सक्नु पर्ने, गैर बैंकिङ्ग सम्पत्ति, कर्जा अपलेखन र नियामकिय कोषलाई सुधार गर्दै जानुपर्ने एवं आगामी दिनमा लाभांश वितरण गर्दा नगद तथा बोनस ५०/५० प्रतिशतको अनुपातमा वितरण गर्न समेत सुझाव गर्नुभयो ।

## ९. मन्तव्य, जिज्ञासा तथा सुझावहरुको जवाफ :

लुम्बिनी विकास बैंकको पन्ध्रौं वार्षिक साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष श्री प्रविण कृष्ण श्रेष्ठज्यूले साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरु विकास बैंकको प्रगतिको लागि महत्वपूर्ण कोशेढुङ्गा सावित हुने बताउँदै शेयरधनीहरुबाट प्राप्त अमुल्य राय सुझाव तथा टिप्पणीहरुलाई मार्गदर्शनको रुपमा लिई अगाडि बढ्ने बताउनु भयो । अध्यक्षज्यूले लुम्बिनी विकास बैंक विगतको तुलनामा सवल भई सकेकोले शेयरधनीहरुलाई निरन्तर प्रतिफल दिने बताउंदै शेयरधनीहरुवाट प्राप्त अमुल्य मन्तव्य तथा राय सुझावहरुका लागि धन्यवाद दिनुहुँदै सुधारका कार्यलाई दृढताका साथ अगाडि बढाईने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । तत्पश्चात व्यवस्थापनसंग सम्बन्धित विषयमा अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री नरेश सिंह वोहराज्यूले जवाफ प्रस्तुत गर्नुभयो ।

## १०. पारित प्रस्ताव तथा निर्णयहरु :

अध्यक्षज्यूवाट जवाफ प्रस्तुत गरे पश्चात् साधारण सभामा पूर्व सूचित छलफलका विषयहरु पारित गर्न शेयरधनीहरु समक्ष पेश गरिएका प्रस्तावहरुमा ताली बजाई पारित भएको जनाउ दिनुहुन

सभापतिज्यूले अनुरोध गर्नुभयो । तत्पश्चात सभापतिज्यूको निर्देशन वमोजिम लेखापरीक्षण समितिका संयोजक श्री प्रताप कुमार आचार्यज्यूले साधारण प्रस्ताव अर्न्तगतको बुदा नं ३ मा उल्लेखित कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नु भयो भने वाँकी साधारण तथा विशेष प्रस्तावहरु श्री लक्ष्मण फुयालले एक एक गरी क्रमैसंग साधारण सभा समक्ष पेश गरेपछि हरेक प्रस्तावमा शेयरधनीज्यूहरुवाट ताली वजाएर स्वीकृति प्रदान गर्नु भएकोले सभापतिज्यूले तपशिलमा उल्लेख भए वमोजिम पेश गरिएका सवै प्रस्तावहरु पन्धौं वार्षिक साधारण सभाबाट पारित भएको जानकारी सभा समक्ष गराउनुभयो ।

**क) साधारण प्रस्ताव तर्फ :**

१) सञ्चालक समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन छलफल गरि सर्वसम्मतिले पारित गरियो ।

२) लुम्बिनी विकास बैंक लि. को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु परित गरियो ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति गर्ने सम्बन्धमा बैंकको लेखापरीक्षण समितिमा प्राप्त प्रस्तावहरु क्रमशः श्री के. ए. एस. एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टस्, श्री श्याम कार्की एण्ड कं. चार्टर्ड एकाउण्टेण्टस् र पि.एल.आर.जी चार्टर्ड एकाउण्टेण्टस् मध्येवाट छनौट गर्ने सन्दर्भमा विकास बैंकको लेखापरीक्षण समितिको मिति २०७९/०९/०४ मा वसेको बैठकले श्री के. ए. एस. एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टसलाई नियुक्तिको लागि सिफारिस गरेकोमा उक्त कम्पनीवाट प्रस्तावित लेखापरीक्षण शुल्क अन्यको तुलनामा न्यून रहेको, विभिन्न बैंक तथा विकास बैकहरुको वाह्य लेखापरीक्षकको रुपमा कार्य अनुभव रहेको, कम्पनीको साखः, गत आर्थिक वर्षको लेखापरीक्षण समेतको आधारमा मुल्याङ्कन गरी हेर्दा एवं कम्पनी ऐन २०६३ को दफा १११ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम पनि निज पुन नियुक्ती हुन योग्य देखिएकोले आ.ब. २०७९/८० को लेखापरीक्षण (बाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण तथा धितोपत्र बोर्डको संस्थागत सुशासन प्रतिवेदन प्रमाणीकरण) सम्पन्न गर्न लेखापरीक्षण शुल्क वापत रु ५,००,०००/- (अक्षरेपी पाँच लाख मात्र) तथा लेखापरीक्षण सम्बन्धी अन्य सम्पूर्ण खर्च वापत रु ४,७५,०००/- (अक्षरेपी चार लाख पचहत्तर हजार मात्र) गरी कुल रकम रु ९,७५,०००/- (अक्षरेपी नौ लाख पचहत्तर हजार मात्र) करसहित भुक्तानी दिने गरी श्री के. ए. एस. एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टस्लाई आ.व. २०७९/८० को लागि वाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७८/७९ को मुनाफा तथा सञ्चित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ९% ले हुन आउने नगद लाभांश रु २९,५५,८६,३२५।९९ (अक्षरेपी उनान्तीस करोड पचपन्न लाख छयासी हजार तीन सय पच्चीस रुपैंया र पैसा उनान्सय मात्र) बोनश शेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत गरी नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

५) बैंकको संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ३ जना तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचनको कार्यक्रम अनुसार सो कार्यको लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृतद्वय अधिवक्ता श्री पवन राम भट्टराईज्यू तथा अधिवक्ता श्री श्याम कुमार खत्रीज्यूलाई मंचमा आई निर्वाचन कार्यक्रमको परिणाम घोषणा गरिदिनहुन

अनुरोध गरे बमोजिम निजहरुबाट बैंक संचालक समितिमा निम्न बमोजिमका व्यक्तिहरु निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।

**संस्थापक समुहबाट :**

१) श्री चिन्तामणी भट्टराई
२) गौं माता इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्री रामचन्द्र सिग्देल
३) स्याकार कम्पनी प्रा.लि.को तर्फबाट श्री प्रविण कृष्ण श्रेष्ठ

**सर्वसाधारण समुहबाट :**

१) श्री गणेश राज रेग्मी
२) श्री उपट्ठान एण्ड कम्पनी प्रा.लि. को तर्फबाट श्री अर्जुन थापा
३) श्री काविशा इन्भेष्टमेन्ट प्रा.लि. को तर्फबाट श्री केशव खतिवडा

६) सञ्चालक समितिले संस्थापक समुहको रिक्त सञ्चालक पदमा कम्पनी ऐन २०६३ को दफा ८७ को व्यवस्था वमोजिम मिति २०७९/०३/२९ मा वसेको ४२६औं बैठकले बाँकी कार्यकालको लागि नयाँ सञ्चालकमा स्याकार कम्पनी प्रा.लि.को तर्फबाट श्री लोमस मानन्धरलाई गरेको नियुक्ति अनुमोदन गरियो ।

**ख) बिशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७८/७९ को मुनाफा तथा सञ्चित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ३% ले हुन आउने रकम रु ९,८५,२८,७७५।३३ (अक्षरेपी नौ करोड पचासी लाख अट्ठाइस हजार सात सय पचहत्तर रुपैंया र पैसा तेत्तीस मात्र ) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु. ३,२८,४२,९२,५१०।९९ (अक्षरेपी तीन अर्व अट्ठाईस करोड वयालीस लाख वयान्नव्वे हजार पाँच सय दश रुपैंया र पैसा उनान्सय मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ३,३८,२८,२१,२८६।३२ (अक्षरेपी तीन अर्व अड्तीस करोड अट्ठाइस लाख एक्काईस हजार दुई सय छयासी रुपैंया र पैसा वत्तीस मात्र) पुऱ्याउने प्रस्ताव पारित गरियो ।

३) वोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रवन्धपत्रको दफा ५ को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि पन्ध्रौं वार्षिक साधारण सभामा प्रस्तुत प्रवन्ध पत्रको तीन महले विवरण बमोजिम संशोधनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरियो ।

४) सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धमा नियमावलीको नियम २९ (१) (ख), नियम २९ (१) (ग), नियम २९ (१) (ग) (इ) र नियम २९ (१) (घ) मा आवश्यक संसोधन गर्ने र नियम २९ (१) (ङ) थप गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि पन्ध्रौं वार्षिक साधारण सभामा प्रस्तुत नियमावलीको तीन महले विवरण बमोजिम संशोधनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरियो ।

५) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्ने लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

**ग) विविध:**

विविध अर्न्तगत कुनै प्रस्ताव नभएको ।

## ११. निर्णय पुस्तिकामा हस्ताक्षर :

यस पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार वार्षिक साधारण सभाका सभापति एवं सञ्चालक समितिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिवले संयुक्त रुपमा दस्तखत गर्ने निर्णय गरियो ।

## १२. धन्यवाद ज्ञापन :

अध्यक्षज्यूबाट सभामा छलफलका लागि तोकिएका विषय सूचीमा उल्लेख भएका सबै विषयहरुमा छलफल गरी निर्णय लिई सकिएकोले यस पन्ध्रौं वार्षिक साधारण सभा सौहाद्रपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु, कानूनी सल्लाहकारहरु, पत्रकार मित्रहरु, बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि., बैंकका कर्मचारीहरु, शुभचिन्तकहरु तथा प्रत्यक्ष परोक्ष रुपमा अमुल्य सहयोग गर्नुहुने सबैलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## १३. सभा विसर्जन :

आजको यस पन्ध्रौं बार्षिक साधारण सभामा छलफलको लागि प्रस्तुत साधारण तथा बिशेष प्रस्ताव सहितका विषय-सूची अर्न्तगतका सबै प्रस्तावहरु पारित भएको व्यहोरा जानकारी गराएपछि लुम्बिनी विकास बैंक लि. सञ्चालक समितिका अध्यक्ष तथा पन्ध्रौं वार्षिक साधारण सभाका सभापति श्री प्रविण कृष्ण श्रेष्ठले साधारण सभावाट पारित निर्णयहरु कार्यान्वयनको लागि व्यवस्थापनलाई निर्देशन दिनुहुँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

Lumbini Bikas Bank Limited Head Office

| | |
|---|---|
| ......................<br>नरेश सिंह बोहरा<br>प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव | ......................<br>प्रविण कृष्ण श्रेष्ठ<br>अध्यक्ष<br>सञ्चालक समिति |

मितिः २०७९/०९/२६